# बिमा शुल्क (प्रिमियम) मा अनुदान सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७।०६।१४)

**प्रस्तावनाः** कृषि क्षेत्रमा हुने जोखिमलाई बिमाको माध्यमबाट न्यूनीकरण गरी कृषकको लगानी सुरक्षित गर्दै कृषि व्यवसाय प्रवर्धन गर्ने उद्देश्यले कृषि बाली तथा पशुपन्छीको बिमा शुल्क (प्रिमियम) मा अनुदान सम्बन्धी कार्यक्रम सञ्चालन गर्न “बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०७७” को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्षः

क) यस कार्यक्रममा गण्डकी प्रदेशभित्र कृषि व्यवसाय गरी बाली तथा पशुपन्छी बिमा गर्ने कृषक, फर्म, कम्पनी, कृषक समूह, कृषक समिति वा कृषि सहकारी संस्थाले बिमा जोखिम स्वीकार भएको अवधि भित्र आवेदन पेश गर्न सक्नेछन्।

ख) प्रत्येक आ.व को श्रावण १ गते देखि आषाढ १५ गते भित्र बाली तथा पशुधन सम्बन्धी प्रचलित निर्देशन, निर्देशिका बमोजिम कृषि बाली, पशुपन्छी वा माछाको बिमा गरेका आवेदकलाई बिमा शुल्क (प्रिमियम) मा अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

## २. आर्थिक पक्षः

(क) स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही कृषि बाली, पशुपन्छी वा माछाको बिमा गरेका आवेदकलाई कुल बिमा शुल्क (प्रिमियम) को २५ प्रतिशतले हुन आउने रकम उपलब्ध गराउन सकिनेछ।

(ख) अनुदान रकम उपलब्ध गराउँदा पहिला आवेदन पेश गर्ने आवेदकलाई प्राथमिकता दिई आवेदकको बैङ्क खातामार्फत उपलब्ध गराउनु पर्नेछ।

(ग) बिमा शुल्क (प्रिमियम) मा अनुदान उपलब्ध गराइने अधिकतम बिमाङ्कको सिमा रु. एक करोड हुनेछ।

## ३. आवेदनसँग पेश गर्नुपर्ने कागजातहरुः

(क) कृषि बाली, पशुपन्छी वा माछाको बिमालेखको प्रतिलिपि।

(ख) बिमा शुल्क (प्रिमियम) तिरेको सक्कलै बिल।

(ग) बिमितको नागरिकताको प्रतिलिपि वा संस्थाको नाममा बिमालेख जारी भएको हकमा संस्था दर्ता सम्बन्धी कागजात।

(घ) निवेदकको स्थाई लेखा नं (PAN) खुल्ने कागजात र बैंक खाता सम्बन्धी विवरण।